# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४९

मितिः २०८२/०९/०३

<u>एजेण्डाहरुः</u>

१. समीक्षा सम्बन्धमा।
२. हिउँदे अधिवेशन सम्बन्धमा।
३. पालिकास्तरीय योजना/कार्यक्रम, बजेट थप तथा संशोधन सम्बन्धमा।
४. वडास्तरीय योजना संशोधन तथा रकमान्तर सम्बन्धमा।
५. करार कर्मचारी म्याद थप सम्बन्धमा।
६. समपुरक/विशेष अनुदानका योजना छनौट सम्बन्धमा।
७. अर्जुनचौपारी गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन गर्न बनेको ऐन, २०८० संशोधन सम्बन्धमा।
८. ढुङ्गा उत्खनन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा।
९. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाबाट प्रवाह भइरहेका सम्पूर्ण सेवाहरूलाई अझ सरल, छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार गर्दै ई–सेवा प्रणाली क्रमशः पूर्ण रूपमा कार्यान्वयन गर्ने, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा तथा प्रशासनिक सेवाको गुणस्तर सुधारका लागि नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गर्ने, कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तथा सेवा प्रवाहसम्बन्धी गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै नागरिकको पहुँच सहज बनाउनका लागि सम्बन्धित शाखा तथा वडा कार्यालयहरूलाई आवश्यक निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/०९/१० गते देखि आह्वान गरिएको अर्जुनचौपारी गाउँसभाको १८ औं हिउँदे अधिवेशन भव्य र सभ्य सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाका भित्रका सम्पूर्ण वडाकार्यालयबाट संशोधन तथा रकमान्तर लागि पेश भएका योजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तर लागि गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४९
मितिः २०८२/०९/०३

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन भएका पालिकास्तरीय योजना तथा कार्यक्रमहरु संशोधन, नयाँ योजना थप एवं स्वीकृतिका लागि गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका र सो अन्तर्गत विभिन्न वडा शाखा कार्यालयहरुमा कार्यरत तपसिल बमोजिमका करार कर्मचारीहरुको म्याद २०८३ आषाढ मसान्तसम्म थप गर्नका लागि गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| क्र.सं. | कर्मचारीको नाम/थर | पद | तह/ श्रेणी | लिङ्ग |
|---|---|---|---|---|
| 1 | विष्णु सुवेदी | सू.प्र.अ. | अ.स्त.छैठौ | पुरुष |
| 2 | प्रतिक अर्याल | कृषि अधिकृत | अ.स्तर छैटौं | पुरुष |
| 3 | कमल भण्डारी | क.अ | कम्प्यूटर अपरेटर | पुरुष |
| 4 | सुरज अधिकारी | हे.अ | स.पाँचौं | पुरुष |
| 5 | शिव प्रसाद अर्याल | कविराज | स.पाँचौं | पुरुष |
| 6 | सागर पौडेल | सव-ईन्जिनियर | पाचौं | पुरुष |
| 7 | शंकर चापागाँई | सव-ईन्जिनियर | स.पाँचौं | पुरुष |
| 8 | लक्ष्मी रेग्मी | साक्षरता सहजकर्ता | पाचौं | महिला |
| 9 | सुस्मिता गुरुङ | नेत्र सहायक | पाँचौं | महिला |
| 10 | चेतन ठकुल्ला | हे.अ | सहायक पाँचौ | पुरुष |
| 11 | प्रदिप ढकाल | हे.अ | सहायक पाँचौ | पुरुष |
| 12 | कृण्ण प्रसाद अर्याल | ना.प.स्वा.प्रा | स.चौथो | पुरुष |
| 13 | सृष्टी खनाल | ना.प.स्वा प्रा | सहायक चौथो | महिला |
| 14 | लोक कुमारी काफ्ले | स.कम्प्यूटर अपरेटर | चौथो | महिला |
| 15 | नान्कला शर्मा | उद्यम विकास सहजकर्ता | चौथो | महिला |
| 16 | अमृत पौडेल | अमिन | स.चौथो | पुरुष |
| 17 | नारायण गैरे | असिष्टेण्ट सव-ईन्जिनियर | स.चौथो | पुरुष |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४९

मितिः २०८२/०९/०३

| | | | | |
|---|---|---|---|---|
| 18 | अनिल कुमार बुढाथोकी | अ. स.ई | सहायक चौथो | पुरुष |
| 19 | गोपाल बुढाथोकी | अ.स.ई | सहायक चौथो | पुरुष |
| 20 | इश्वर प्रसाद काफ्ले | असिष्टेण्ट सव- ईन्जिनियर | सहायक चौथौं | पुरुष |
| 21 | दुर्गा पौडेल सुवेदी | ल्याव असिष्टेण्ट | स.चौथो | महिला |
| 22 | ईन्द्र कुमारी लम्साल | अ.हे.व | स.चौथो | पुरुष |
| 23 | सिर्जना बराल रोकाहा | अ.हे.व | स.चौथो | महिला |
| 24 | सम्झौता गुरुङ | अ.हे.व | स.चौथो | महिला |
| 25 | सीता कँडेल | अ.हे.व | स.चौथो | महिला |
| 26 | बबिता कुमारी गौतम अर्याल | अ.न.मी. | स.चौथो | महिला |
| 27 | पुजा अधिकारी | अ.न.मी | स.चौथो | महिला |
| 28 | रेखा क्षेत्री रोकाहा | अ.न.मी | स.चौथो | महिला |
| 29 | सोमन क्षेत्री | अ.न.मी | स.चौथो | महिला |
| 30 | स्वीकृती शर्मा | ल्याव असिष्टेण्ट | स.चौथो | महिला |
| 31 | संगम जि.टी | ल्याव असिष्टेण्ट | स.चौथो | पुरुष |
| 32 | मिलन के.सी | अ..हे.व. | स.चौथो | पुरुष |
| 33 | सन्दिप रोकाहा | अ.हे.व | स.चौथो | पुरुष |
| 34 | बसन्ती काफ्ले तिवारी | अ.न.मी. | स.चौथो | महिला |
| 35 | सरिष्मा परियार | अ.न.मी. | स.चौथो | महिला |
| 36 | अस्मिता खनाल | अ.न.मी | सहायक चौथौ | महिला |
| 37 | उमा अर्याल | बैद्य | सहायक चौथौ | महिला |
| 38 | पुर्न बहादुर क्षेत्री | गाउँ प्रहरी सुपरीवेक्षक | | पुरुष |
| 39 | रेख कुमार रोकाहा | गाउँ प्रहरी जवान | | पुरुष |
| 40 | लोक प्रसाद वि.क | ह.स.चा | श्रेणीविहिन | पुरुष |
| 41 | लोक प्रसाद चापागाई | व्याक हो अपरेटर | श्रेणीविहिन | पुरुष |
| 42 | विमल देवकोटा | ट्याक्टर चालक | श्रेणीविहिन | पुरुष |
| 43 | दिपक वि.क. | ह.स.चा. | श्रेणीविहिन | पुरुष |
| 44 | सम्झना पौडेल | का.स | श्रेणीविहिन | महिला |
| 45 | कामना गुरुङ | का.स | श्रेणीविहिन | महिला |
| 46 | सुधा अर्याल | का.स | श्रेणीविहिन | महिला |
| 47 | कृष्ण कुमारी दमै | का.स | श्रेणीविहिन | महिला |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ४९

मितिः २०८२/०९/०३

| | | | | |
|---|---|---|---|---|
| 48 | देवी थापा मगर | का.स | श्रेणीविहिन | महिला |
| 49 | गिता गुरुङ | का.स | श्रेणीविहिन | महिला |
| 50 | रिता पौडेल | का.स | श्रेणीविहिन | महिला |
| 51 | दुर्गा अर्याल | का.स | श्रेणीविहिन | महिला |
| 52 | सपना क्षेत्री | का.स | श्रेणीविहिन | महिला |
| 53 | सुना कुमारी अधिकारी | का.स | श्रेणीविहिन | महिला |
| 54 | सरिता भट्टराई काफ्ले | का.स | श्रेणीविहिन | महिला |
| 55 | कुन्ता कुमारी पौडेल | का.स | श्रेणीविहिन | महिला |
| 56 | सरिता देवि घिमिरे | का.स | श्रेणीविहिन | महिला |
| 57 | सिर्जना गुरुङ | का.स | श्रेणीविहिन | महिला |
| 58 | विनिता लम्साल | का.स | श्रेणीविहिन | महिला |
| 59 | गुरुदत्त पौडेल | का.स | श्रेणीविहिन | पुरुष |
| 60 | कृष्ण कुमारी तिवारी | का.स | श्रेणीविहिन | महिला |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सङ्घीय समपूरक र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्तावन आव्हान सम्बन्धी सूचना अनुसार नेपाल सरकारले ६० प्रतिशत र गाउँपालिकाले ४० प्रतिशत बजेट बेहोर्ने गरी समपूरक र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रम प्राथमिकीकरणका साथ तपसिल बमोजिमका योजना छनौट गरी राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौमा पठाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ प्रवक्ता

**तपसिल**

| समपुरक अनुदान संघ तर्फ | | | |
|---|---|---|---|
| **क्र.स** | **आयोजनाको नाम** | **बजेट** | **अवधि** |
| १ | अर्जुनचौपारी-रापाकोट-तालपोखरी सडक निर्माण | क्रमागत | ३ वर्ष |
| २ | 1907 एरिना क्रिकेट ग्राउण्ड निर्माण | १ करोड | १ वर्ष |
| ३ | अर्जुनचौपारी-सल्यान-आग्रीखर्क सडक निर्माण | ३ करोड | १ वर्ष |
| **विशेष अनुदान संघ तर्फ** | | | |
| **क्र.स** | **आयोजनाको नाम** | **बजेट** | **अवधि** |
| १ | शैक्षिक सुधार कार्यक्रम | १ करोड | १ वर्ष |
| २ | पोषण तथा खाद्य सुरक्षा कार्यक्रम | १ करोड | १ वर्ष |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४९
मितिः २०८२/०९/०३

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापनलाई समयसापेक्ष प्रभावकारी र कानुनसम्मत बनाउन आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनको अधीनमा रही अर्जुनचौपारी गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन गर्न बनेको ऐन, २०८० संशोधनका लागि गाउँसभाको १८ बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन, सङ्कलन तथा बिक्रिवितरण कार्यलाई व्यवस्थित, पारदर्शी, वातावरणमैत्री र कानुनसम्मत रूपमा सञ्चालन गरी वातावरण संरक्षण, राजस्व संकलन, स्थानीय सहभागिता र प्रभावकारी अनुगमन सुनिश्चित गर्न प्रचलित कानुन बमोजिम "अर्जुनचौपारी गाउँपालिकाको निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन, सङ्कलन एवम् बिक्रिवितरण सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (क) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको प्रशासकीय भवन निर्माण लागत साझेदारी सम्बन्धी मापदण्ड, २०७१ (दोस्रो संशोधन) बमोजिम प्रस्तावना पेश गर्न मिति २०८२/०८/०८ गते सूचना प्रकाशित भएकोमा, उक्त कार्यक्रम अन्तर्गत अर्जुनचौपारी गाउँपालिका ६ नं. वडा कार्यालय भवन निर्माणका लागि स्वीकृत प्राविधिक लागत अनुमान अनुसारको प्रस्तावना पेश गर्ने तथा सो भवन निर्माणका लागि कार्यविधिमा तोकिए बमोजिमको पालिकाको तर्फबाट लागत साझेदारीता गाउँपालिकाको समपुरक कोषबाट व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४९

मितिः २०८२/०९/०३

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (ख) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ निवासी विष्णु सुनारको घरमा मिति २०८२/०८/२७ गतेका दिन विद्युत लाइन सटभई आगलागी हुँदा घर जलेर पूर्ण रुपमा क्षति भएकोले घर पुनर्निर्माणका लागि आवश्यक सहायता उपलब्ध गराइदिनु हुन भनी सम्बन्धित वडा कार्यालयको सिफारिस एवम् प्रहरी मुचुल्का प्राप्त भएकोले उक्त घर पुनःनिर्माणका लागि विपद् व्यवस्थापन कोषबाट रु २०,०००।-( बीस हजार रुपैयाँ) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (ग) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. २ निवासी पदम बहादुर कार्कीको छोरा ना.प्र. नं. ६७०४ का शिल बहादुर कार्की मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको काजकिरियाका लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको काजकिरियाका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. २५,००० (अक्षरेपी रू. पच्चीस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (घ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ निवासी कलावती चापागाईको छोरा ना.प्र.नं. २८१७ का चेतनाथ चापागाईको असमायिक निधन भएको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको काजकिरियाका लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको काजकिरियाका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. २०,००० (अक्षरेपी रू. बीस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ

प्रमुख

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४९
मितिः २०८२/०९/०३

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (ङ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी सोवित बहादुर सार्कीको छोरा ना.प्र.नं. ४२१०५१/१०८ का किशोर नेपाली फोक्सो, मृगौला सम्बन्धी रोगले ग्रसित भई मणिपाल शिक्षण अस्पताल पोखरामा उपचारार्थ रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम अन्य सामाजिक सहायता शीर्षकबाट रु. १०,००० (अक्षरेपी रू. दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूलाई सहज, सरल एवम् सुरक्षित तरिकाबाट भत्ता उपलब्ध गराउने उद्देश्यले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा २४ बमोजिम अर्जुनचौपारी गाउँपालिका वडा नं. २ र ४ भित्रका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूलाई गरिमा विकास बैंक लिमिटेड अर्जुनचौपारी शाखामार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने जिम्मेवारी प्रदान गर्ने साथै अन्य वडाहरूको हकमा साविक मुक्तिनाथ विकास बैंक लिमिटेडलाई नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने जिम्मेवारी यथावत् रूपमा प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (ज) माथि छलफल गर्दा ठेक्का नं. (ACRM/NCB/W/R/03/081/082) अन्तर्गत अर्जुनचौपारी-रापाकोट-तालपोखरी सडक कालोपत्रे कार्यका लागि ठेक्काको म्याद मिति २०८२ पौष मसान्तसम्म रहेकोमा न्यून तापक्रमका कारण सडक कालोपत्रे कार्य गर्न अनुकूल नहुने भनी ठेकेदार बुद्ध निर्माण सेवा, कुश्मा-५, पर्वतले म्याद थपको लागि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा प्रचलित कानुन तथा कार्यविधि बमोजिम आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण कार्य सम्पन्न गर्न मिति २०८२ फाल्गुण मसान्तसम्म ठेक्काको म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४९

मितिः २०८२/०९/०३

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (च) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | साविक गा.वि.स | वडा नं | | कित्ता नं | भएको किसिम | हुनुपर्ने किसिम | आधार |
|---|---|---|---|---|---|---|---|
| | | हाल | साविक | | | | |
| १ | अर्जुनचौपारी | २ | ८ | २९० | छुटेको | आवस | अर्जुनचौपारीहाल आवसिय प्रयोजनामा रहेको घर रहेको |
| २ | अर्जुनचौपारी | २ | ८ | ७८५ | सार्वजनिक | कृषि | व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ३ | अर्जुनचौपारी | २ | ८ | १३१२,१०६८,८८५, ९१०, ८७८ | छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ४ | अर्जुनचौपारी | २ | ७ | १०९१,१०८५ | वन | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ५ | अर्जुनचौपारी | १ | २ | २५३ | सार्वजनिक | आवस | हेलु-अर्जुनचौपारी सडक बाट १०० मि भित्रको कित्ता व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ६ | अर्जुनचौपारी | १ | २ | २५२,१८४६ | छुटेको | आवस | हेलु-अर्जुनचौपारी सडक बाट १०० मि भित्रको |
| ७ | रापाकोट | ४ | २ | ९९९,१००२,१३३५ | सार्वजनिक | कृषि | व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ८ | रापाकोट | ४ | २ | ११९०,११५९, ११६६ | छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ९ | रापाकोट | ४ | ४ | ९०६ | कृषि | आवस | अर्जुनचौपारी-रापाकोट सडकसँग जोडिएको |
| १० | दरौं | ६ | १ | ९०८,१२५४,८७७, ७४३,७४८,७५९ १४८०,१४७९ | छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ११ | दरौं | ६ | ९ | ३५२, ७६३ | छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| १२ | दरौं | ६ | ७ | २९३६ | छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक सं. ४९

मितिः २०८२/०९/०३

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (झ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ निवासी देविदत्त खनालको छोरा ना.प्र.नं. १७२६ का मोहन प्रसाद खनाल मृगौला सम्बन्धी रोगले ग्रसित भई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचारार्थ रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारका लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम अन्य सामाजिक सहायता शीर्षकबाट रु. २०,००० (अक्षरेपी रू. बीस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ (ञ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र रहेका तपसिल बमोजिमका मुख्य-मुख्य सडकहरूको सार्वजनिक बाटो कित्ता नापी तथा नक्सामा अद्यावधिक गर्न आवश्यक देखिएको हुँदा चालु आर्थिक वर्ष २०८२/०८३ भित्र उक्त कार्य सम्पन्न गर्ने तथा सो कार्यका लागि आवश्यक प्राविधिक सेवा, परामर्श सेवा एवम् अन्य सम्बन्धित खर्चहरू सेवा परामर्श शीर्षकमा विनियोजित बजेटबाट प्रचलित कानुन बमोजिम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| सि.नं. | सडकको नाम | कैफियत |
|---|---|---|
| १. | अर्जुनचौपारी-लामडाँडा सडक | |
| २. | अर्जुनचौपारी-माझपाटा सडक | |
| ३. | अर्जुनचौपारी-नुवाराभञ्ज्याङ सडक | |
| ४. | अर्जुनचौपारी-निवुवाबोट-आरुचौर सडक | |
| ५. | अर्जुनचौपारी-दरौं सडक | |

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता